# स्थानीय सरकार सञ्चालन सम्वन्धि २ दिने अभिमुखिकरण कार्यक्रमको प्रतिवेदन

सिद्धिचरण नगरपालिकावाट वडा अध्यक्ष, नगरकार्यपालिकाका सदस्य, विषयगत शाखाका प्रमुख, वडा सचिवहरुका लागि आयोजना गरिएकोस्थानीय सरकार सञ्चालन सम्वन्धि २ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

नगरपालिकाको उप-प्रमुख श्री इच्छा कुमारी गुरुङको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रमको उद्घाटन सत्रमा सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत श्री भोजराज खतिवडाले कार्यक्रममा उपस्थित सहभागीहरुलाई मन्तव्यवाट स्वागत गर्दै चालु आ.व.को चेतनामूलक कार्यक्रम अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको मुख्य मुख्य व्यवस्था, योजना तर्जुमा प्रकृया तथा योजना प्राथमिकीकररण, वजेट अनुमान, निकासा खर्च, पेश्की, वेरुजु, पूर्वाधार विकास सम्वन्धि मापदण्ड, सूचना प्रविधि, जिन्सी व्यवस्थापन आदि विषयमा जानकारी दिने उदेश्यले कार्यक्रम सञ्चालन गरिएको व्यहोरा अवतग गराउनु भयो ।

उद्घाटन सत्रको समापनको क्रममा कार्यक्रमको अध्यक्षता गर्नु भएको उप-प्रमुख श्री इच्छा कुमारी गुरुङले यस तालिमको माध्यामवाट स्थानीय सरकार सञ्चान ऐनमा भएका व्यवस्थाहरुको वारेमा ज्ञान हासिल हुनका साथै आगामी दिनमा वस्ती स्तरको योजना प्राममिकीकरण गर्नमा वडाका पदाधिकारी, विषयतग शाखाका प्रमुख तथा वडा सचिवहरुका लागि ज्यादै उपयोगीहुने कुरा व्यक्त गर्दै तालिमको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

**तालिममा समावेश भएका विषयवस्तु तथा सहजकर्ताहरु**

| | | |
|---|---|---|
| २०७४।१२।५ | सि.न.पा. को वर्तमान अवस्था र आगमी दिनमा गरिने मुख्य कृयाकलापहरु | श्री इच्छा कुमारी गुरुङ (उप - प्रमुख सि.न.पा.) |
| | योजना तर्जुमा प्रकृया | श्री उमेश कार्की (कार्यक्रम अधिकृत) |
| | वजेट अनुमान निकासा र खर्च | श्री सोम प्रसाद वास्तोला (नि.को.ले.नी.प्रमुख) |
| | योजना प्राथमिकीकरण | श्री उमेश कार्की (कार्यक्रम अधिकृत) |
| | स्थानीय तहमा पूर्वाधार विकास सम्बन्धी मापदण्डहरु तथा गुणस्तर नियन्त्रण | दिपेन्द्र सापकोटा |
| | सुशासन | श्री जनक राज पन्त प्रमुख जिल्ला अधिकारी) |
| २०७४।१२ | सि.न.पा. को भिजन | श्री मोहन कुमार श्रेष्ठ (प्रमुख सि.न.पा.) |
| | वेरूजु फर्स्यौट | श्री विष्णु व. भट्टराई (लेखा अधिकृत) |
| | सार्वजनिक खरिद प्रकृया | श्री सोम प्रसाद वास्तोला (नि.को.ले.नी.प्रमुख) |
| | आ.ले.प. /म.ले.प. | श्री विष्णु व. भट्टराई (लेखा अधिकृत) |
| | स्थानीय तहहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा विद्युतिय सुशासन | अन्जना खतिवडा(सूचना प्रविधि अधिकृत)/पदम परियार(कम्प्युटर अपरेटर) |
| | जिन्सी व्यवस्थापन | श्री राजेन्द्र खत्री (खरिदार) |
| | स्थानीय सरकार संचालन ऐनमा भएका मुख्य मुख्य व्यवस्था | श्री भोजराज खतिवडा प्रमुख प्रशासकिय अधिकृत |

## कार्यक्रमको समापन

कार्यक्रमको समापनको क्रममा सि.न.पा.वार्ड नं. ७ का वडा सचिव श्री पेशल वि.क.यस किसिमको कार्यक्रममा सहभागी हुने अवसर दिनुभएकोमा आयोजकलाई धन्यवाद दिदै तालिमाको विषयवस्तु ज्यादै उपयोगी भएको विचार व्यक्त गर्नु भयो । त्यसैगरी वडा नं. १ का वडा अध्यक्ष श्री केदार वावु वस्नेतले यस किसिमको अभिमुखीकरणले धेरै ज्ञान हासिल भएको, वडामा काम गर्न सहज वनाएको र यस किसिमको कार्यक्रमले आगामी दिनहरुमा निरन्तरता पाओस भन्दै आयोजकलाई धन्यवाद दिनुभयो । समापन मन्तव्यकै क्रममा कार्यक्रमका विशेष अतीथि एंव चिशंकुगढी गाँउपालिकाका अध्यक्ष श्री निशान्त शर्माज्यूले यस किसिमको उपलब्धिमूक कार्यक्रम जिल्लामै पहिलो पटक भएकोले नगरपालिकालाई धन्यवाद ज्ञापन गर्दै यस कार्यक्रमले वडाका कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गर्दै लैजाने वीचार व्यक्त गर्नु भयो । कार्यक्रमको प्रमुख अतीथि एंव प्रमुख जिल्ला अधिकारी श्री जनकराज पन्तज्यूले नगरपालिकाले यस किसिमको कार्यक्रम संचालन गरेर आफ्ना कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकासमा जोड दिएकोमा धन्यवाद दिदै राज्यको पूनसम्रनाको क्रममा नयाँ नयाँ ऐन, कानून, नीति, निर्देशिकाहरु आएकोले उक्त ऐन, कानून, नीति तथा निर्देशिकाहरु अध्ययन गर्दै जनताको सेवा गर्नुपर्ने वीचार व्यक्त गर्दै यस कार्यमा आफुलाई पनि अवसर दिएकोमा नगरपालिकाका प्रमुख लगाएत सम्पूर्ण परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । कार्यक्रमको अध्यक्ष एंव नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूले आफ्नो व्यस्त समयको वावजुत पनि कार्यक्रमलाई सफल वनाउन सहयोग गर्नुभएकोमा प्रमुख जिल्ला अधिकारीज्यू, कार्यक्रमको विशेष अतीथिको रुपमा पाल्नु भएका चिशंकुगढी गाँउपालिका अध्यक्षज्यू, कार्यक्रमका सहभागीहरु लगाएत कार्यक्रम लाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्‍उने नगरपालिकाका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिदै कार्यक्रमको समापन गनुभयो ।

प्रतिवेदन तयार गर्ने
उमेश कार्की कार्यक्रम अधिकृत